**आकाशवाणी समाचार- नेपाली**

**मितिः १४ मई २०२६**

**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदी भोलि देखि संयुक्त अरब अमिरात (युएई), नेदरल्यान्ड्स, स्वीडेन, नर्वे र इटालीको ६ दिवशीय भ्रमणमा जानुहुनेछ।
- भारतले आज देखि शुरु हुने दुई दिवशीय ब्रिक्स विदेश मन्त्रीहरूको बैठकको आयोजना गर्दैछ।
- केन्द्रीय मन्त्रीमंडलले खरिफ मौसम 2026-27 को लागि 14 खरीफ फसलहरूको न्यूनतम समर्थन मूल्य एम.एस.पीको वृद्धिलाई स्वीकृति दिएको छ।
- असम सरकारले २६ मईमा विधानसभामा समान नागरिक संहिता विधेयक पेश गर्दैछ।
- आई.पी.एल. क्रिकेटमा आज धर्मशाला स्थित हिमाञ्चल प्रदेश क्रिकेट एसोसिएसन स्टेडियममा पञ्जाब किंग्सले मुम्बई इन्डियन्ससित प्रतिस्पर्धा गर्नेछ ।

**प्रधानमन्त्री -भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि देखि संयुक्त अरब अमिरात (युएई), नेदरल्यान्ड्स, स्वीडेन, नर्वे र इटालीको ६ दिवशीय भ्रमणमा जानुहुनेछ । हिज साँझ नयाँ दिल्लीमा पत्रकारहरूलाई जानकारी दिंनुहुदै विदेश मन्त्रालयका सचिव (पश्चिम) सिबी जर्जले आफ्नो पाँच देशहरूको भ्रमणको पहिलो चरणमा प्रधानमन्त्री श्री मोदी शुक्रबार संयुक्त अरब अमिरात पुग्नुहुनेछ, जहाँ उहाँले राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाह्यानसँग भेट गर्नुहुनेछ। उहाँले भन्नुभयो, दुई नेताहरूले द्विपक्षीय मुद्दाहरू, विशेष गरी ऊर्जा सहयोगका साथै आपसी हितका क्षेत्रीय र अन्तर्राष्ट्रिय मुद्दाहरूमा विचारहरू आदानप्रदान गर्नुहुनेछ।

**भारत - ब्रिक्स विदेश मंत्रीहरुको बैठक**

भारतले आज देखि शुरु हुने दुई दिवशीय ब्रिक्स विदेश मन्त्रीहरूको बैठकको आयोजना गर्दैछ। बैठकको अध्यक्षता विदेशमन्त्री डा. सुब्रमन्यम जयशंकरले गर्नुहुनेछ । बैठकमा ब्रिक्स देशहरुका विदेशमन्त्री तथा प्रतिनिधिमण्डले भाग लिनेछ । बैठकमा ब्रिक्स सदस्य देशहरुका विदेशमन्त्रीले आपसी हितका क्षेत्रीय र विश्व विषयमा विचार आदानप्रदान गर्ने कार्यक्रम रहेको विदेश मन्त्रालयले जनाएको छ ।

**विदेश मंत्री डॉक्टर एस. जयशंकर - दक्षिण अफ्रीका विदेश मंत्री**

विदेशमन्त्री डा. एस जयशंकरले नयाँ दिल्लीमा दक्षिण अफ्रिकाका विदेशमन्त्री रोनाल्ड लामोलासँग भेट गर्नुभएको छ ।सामाजिक सञ्जालम पोष्टमा उहाले दुई देशबीचको सम्बन्धलाई अझ मजबुत बनाउन सहमति भएको बताउनु भएको छ । बातचीतमा भारत-दक्षिण अफ्रिका रणनीतिक साझेदारीका विभिन्न पक्षहरूको समीक्षा गरियो र आपसी हितका प्रमुख बहुपक्षीय मुद्दाहरूमाथि पनि चर्चा गरियो। दक्षिण अफ्रिकाका मन्त्री रोनाल्ड लामोलाले भारतीय प्रतिनिधिमण्डललाई आतिथ्य प्रदान गरेकोमा भारतप्रति आभार व्यक्त गर्नुभएको छ । उहाँले ब्रिक्स विदेश मन्त्रीहरूको बैठकमार्फत अन्तर्राष्ट्रिय संवादलाई बढावा दिन भारतले गरेको प्रयासको सराहना गर्नुभएको छ ।

**केन्द्रीय मन्त्रीमंडलले खरिफ मौसम-सिफारिस**

केन्द्रीय मन्त्रीमंडलले खरिफ मौसम 2026-27 को लागि 14 खरीफ फसलहरूको न्यूनतम समर्थन मूल्य एम.एस.पीको वृद्धिलाई स्वीकृति दिएको छ। केन्द्रीय मन्त्रिमण्डलको बैठकपछि सञ्चार माध्यमहरूलाई सम्बोधित गर्नुहुदै सूचना एवम् प्रसारण

मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, सरकारले कृषकहरूलाई उनीहरूको उत्पादनको लाभकारी मूल्य सुनिश्चित गर्नका लागि खरीफ फसलहरूको न्यूनतम समर्थन मूल्य बढाएको छ।

1- Byte अश्विनी वैष्णव- खरिफ

**केन्द्रीय मन्त्रिमण्डल- ग्यासीकरण**

केन्द्रीय मन्त्रिमण्डलले ३७ हजार ५ सय करोड रूपियाँको लागतमा कोइला र लिग्नाइट ग्यासीकरण परियोजनाहरूका लागि एउटा संवर्द्धन योजनालाई स्वीकृति दिएको छ 1 पत्रकारहरूलाई जानकारी दिनुहुदै केन्द्रीय सूचना एवम् प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, यो योजना भारतको कोइला र लिग्नाइट ग्यासीकरण कार्यक्रमलाई गति दिने दिशामा एक महत्त्वपूर्ण कदम हो।

2-Byte अश्विनी वैष्णव ग्यासिकरण

**अल्पसंख्यक मामिला मन्त्रालय- राष्ट्रिय सम्मेलन**

अल्पसंख्यक मामिला मन्त्रालयले आज नयाँ दिल्लीमा 'भागीदारी से भाग्योदय' को परिकल्पना अन्तर्गत विकसित भारतका लागि कृत्रिम बुद्धिमत्ताको माध्यमबाट अल्पसंख्यक कल्याण-समावेशी विकास सम्बन्धी राष्ट्रिय सम्मेलनको आयोजना गर्दैछ। मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ ,सम्मेलनको उद्देश्य समावेशी शासनलाई सुदृढ पार्नु, नीतिगत पहुँच बढाउनु र देशभरिका अल्पसंख्यक समुदायहरूका लागि प्रविधि-संचालित कल्याणकारी हस्तक्षेपहरूलाई बढावा दिनु हो। यस कार्यक्रमले विकसित भारतको परिकल्पना अनुरुप सहभागितामूलक विकास र सहकारी संघीयताप्रति मन्त्रालयको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।

**प्रधान मन्त्री- केन्द्रीय मन्त्रीमंडल**

प्रधान मन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ - केन्द्रीय मन्त्रीमंडलले खरिफ मौसम 2026-27 को लागि खरीफ बालीहरूको न्यूनतम समर्थन मूल्य (एमएसपी) मा वृद्धिलाई अनुमोदन गर्ने निर्णयले देशका करोडौं खाद्य प्रदायकहरूलाई उनीहरूको उत्पादनको उचित र लाभदायक मूल्य प्राप्त गर्ने सुनिश्चित गर्नेछ। एक सामाजिक सञ्जाल पोस्टमा श्री मोदीले भन्नुभयो, यो निर्णयले देशका कृषकहरूको जीवनमा अझ बढी समृद्धि ल्याउनेछ। यसबाहेक, उहाले अझ भन्नुभयो - अहमदाबाद (सरखेज) - धोलेरा सेमी हाई-स्पीड डबल लाइन परियोजनामा मन्त्रीमंडलको निर्णय देशको रेल आधुनिकीकरणको यात्रामा एक माइलखुट्टी हो। श्री मोदीले भन्नुभयो, मन्त्रिमण्डलद्वारा स्वीकृत भूतल कोइला/लिग्नाइट ग्यासिफिकेशन परियोजनाहरूको प्रवर्द्धनका लागि योजनाले ऊर्जा सुरक्षालाई बढावा दिनेछ, निवेशलाई बढावा दिनेछ र युवाहरूका लागि रोजगारका अवसरहरू सिर्जना गर्नेछ। प्रधानमन्त्री श्री मोदीले सरकारले देशभरिका कृषक बर्ग र दिदीबहिनीहरूको हितको रक्षाका लागि महत्त्वपूर्ण निर्णयहरू लिइरहेको बताउनु भएको छ।

**असम सरकार - समान नागरिक संहिता विधेयक**

असम सरकारले यस महिनाको २६ तारिख विधानसभामा समान नागरिक संहिता विधेयक पेश गर्दैछ। मुख्यमन्त्री हिमंत विश्व शर्माले आफ्नो नयाँ कार्यकालको पहिलो मन्त्रीमंडलको बैठकपछि पत्रकारहरूसँग बातचीत गर्नुहुदै यस आशयको घोषणा गर्नुभएको हो। मुख्यमन्त्री श्री सरमाले असम विधानसभाको विशेष सत्र २१ मई देखि २६ मई सम्म हुनेछ जसमा नवनिर्वाचित विधायकहरूले शपथ लिने बताउनु भएको छ। सत्रको अन्तिम दिन समान नागरिक संहिता विधेयक सदनमा पेश गरिनेछ। समान नागरिक संहिता लागू गर्ने उत्तराखण्ड र गुजरातपछि असम देशको तेस्रो राज्य हुनेछ।

**3-Byte हिमंता बिश्व सरमा**

**केंद्रीय विज्ञान एवं प्रौद्योगिकी मंत्री**

केन्द्रीय विज्ञान एवम् प्रौद्योगिकी मन्त्री डा. जितेन्द्र सिंहले ,सरकारले अनुसन्धान, विकास र नवाचार योजना अन्तर्गत निजी क्षेत्रको भागीदारीलाई सक्रियता रुपमा बढावा दिइरहेको बताउनुभएको छ। नयाँ दिल्लीमा यस योजना अन्तर्गत पाँच

सम्झौताहरूमा हस्ताक्षर समारोहलाई सम्बोधन गर्नुहुदै डा. जितेन्द्र सिंहले भन्नुभयो -, यस पहलले गहन प्रौद्योगिकी नवाचार लाई गति दिने र उद्योग तथा सरकारको सहयोगलाई सुदृढ पार्ने दिशामा सरकारको नयाँ सोचलाई प्रतिबिम्बित गर्दछ। उहाले पहिलो चरणका सम्झौताहरू क्वान्टम प्रौद्योगिकी, ऊर्जा, अन्तरिक्ष र जीवन विज्ञान जस्ता महत्वपूर्ण क्षेत्रहरूसँग सम्बन्धित छन्। मन्त्री श्री सिंह ले यस योजना अन्तर्गत पचास करोड रूपियाँ राशी पनि जारी गर्नुभयो l

**केंद्रीय वाणिज्य और उद्योग मंत्री**

केन्द्रीय वाणिज्य एवम् उद्योग मन्त्री पीयूष गोयलले हिज नयाँ दिल्लीमा माल्दिभ्सका विदेशमंत्री इरुतिशाम एडमसँग भेट गर्नुभयो। श्री पियूष गोयलले 'दुई नेताले भारत र माल्दिभ्सबीचको बलियो र विशेष साझेदारीलाई पुनः पुष्टि गरिएको बताउनुभएको छ l यस वर्ष दुई देशबीच रणनीतिक सम्बन्धको साठी वर्ष पुरा भईरहेको छ। यस बैठकमा भारत-मालदीव मुक्त व्यापार सम्झौतामा बातचीतलाई तीव्र बनाउने, द्विपक्षीय निवेश सम्झौतालाई अगाडि बढाउने र स्थानीय मुद्राहरूमा व्यापार भुक्तानीलाई बढावा दिने विषयमा चर्चा भएको च भने दुवै पक्षले पर्यटन, डिजिटल भुक्तान र व्यावसायिक सहयोगलाई थप सुदृढ पार्ने विषयमा पनि बिचार विमर्श गरेका छन् l

**सरकार - केंद्रीय अन्वेषण ब्यूरो - निदेशक - कार्यकाल**

सरकारले सीबीआईका निर्देशक प्रवीण सुदको कार्यकाल एक वर्षको लागी बढाएको छ । कार्मिक तथा प्रशिक्षण विभाग द्वारा जारी एक आधिकारिक आदेश अनुसार, मन्त्रिमण्डलको नियुक्ति समितिले सुदको कार्याकालको अवधि यसै महिनाको २४ तारिखपछि बढाउँन स्वीकृति दिएको छ।

**आई.पी.एल. क्रिकेटम**

आई.पी.एल. क्रिकेटमा रायल च्यालेन्जर्स बैङ्लोरुले कोलकाता नाइट राइडर्सलाई ६ विकेटले पराजित गरेको छ। यो जितसँगै रोयल च्यालेन्जर्स बैंग्लोरले १६ अंकका साथ अंक तालिकमा शीर्ष स्थानमा पुगेको छ ।आज साँझ ७.३० बजे धर्मशाला स्थित हिमाञ्चल प्रदेश क्रिकेट एसोसिएसन स्टेडियममा पञ्जाब किंग्सले मुम्बई इन्डियन्ससित प्रतिस्पर्धा गर्नेछ।